"पाँचखाल नगर-कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"
# पाँचखाल नगरपालिका
## Panchkhal Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
पाँचखाल, काभ्रेपलाञ्चोक
(Panchkhal, Kavrepalanchok)
बागमती प्रदेश, नेपाल
(Bagamati Province, Nepal)

फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

प. सं. (Ref. No.):- २०८१/०८२
च. सं. (Dispatch No.):- २२४८

मितिः २०८१/११/२१
ने.सं.११४५ चिल्लाथ्व, ...

विषयः सूचनाको हक कार्यन्वयन सम्बन्धी प्रगति विवरण पठाइएको सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय,
धुलिखेल काभ्रेपलाञ्चोक।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली,२०६५को नियम ३ मा भएको कानूनी व्यवस्था बमोजिम यस पाँचखाल नगरपालिकाको आ.ब. २०८१/८२ को (२०८१ साल साउन १ देखि माघ मसान्त सम्म) मा सम्पादित प्रमुख क्रियाकलापहरु यसै साथ संलग्न गरि पठाइएको व्यहोरा अनुरोध छ।

.................
(अच्युत राज रेग्मी)
प्रमुख प्रशासकीय अधिकृत

अच्युत राज रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर काठमाडौं।
श्री प्रदेश सूचना पुनरावेदन समित, हेटौंडा।

ईमेलः Email: panchkhal.municipality@gmail.com | info@panchkhalmun.gov.np | वेवसाईट/Website:http//panchkhalmun.gov.np

203.(सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८१ साल साउन १ देखी २०८१ साल माघ मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)


पाँचखाल नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक

बागमति प्रदेश

फोन नं. ०११४९९४५१ इमेलः panchkhal.municipality@gmail.com


मितिः २०८१/११/२१

सूचना अधिकारी

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

स्वतः प्रकाशन नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक उल्लेख गरिएका छन्। सूचनाको हकको संरक्षण, सम्बर्धन र प्रचलन गराउन यस नगरपालिकाको २०८१ साउन/माघ अवधिमा सम्पादित प्रमुख कार्यहरू अन्य निकायका लागि नमूना मार्गदर्शक समेत होस् भनी प्रकाशित गरेका छौं। यसै क्रममा, यस नगरपालिकाले आफ्नो नियमित विवरण प्रकाशित गर्दै आएको सन्दर्भमा आ. ब. २०८१/८२ सालको साउन देखी माघ मसान्त सम्म महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरिएको छ । यसलाई नगरपालिकाले तीन महिना सम्पन्न भएको कामको प्रगती १५ दिन भित्र प्रकाशित गरेको छ ।

सूचना अधिकारी

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलान्चोक
बागमती प्रदेश, नेपाल

विषयसूची


1. नगरपालकाको स्वरुप र प्रकृति
2. नगरपालिकाको काम,कर्तव्य र अधिकार
3. नगरपालिकाको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण
4. नगरपालिकाबाट प्रदान गरिने सेवा
5. नगरपालिकाको शाखा र जिम्मेवारी अधिकारी
6. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
7. निर्णय गर्ने प्रकृया र अधिकार
8. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण
9. सूचना अधिकारी प्रवक्ता र प्रमुखको नाम पद
10. ऐन, नियम विनियम वा निर्देशिकाको सूची
11. आम्दानी खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण
12. आ.ब.२०८१/८२ को बजेट तथा कार्यक्रम
13. नगरपालिकाको वेभसाईट
14. नगरपालिकामा परेका सूचना माग सम्बन्धी निवेदन
15. नगरपालिकाले गरेको सूचना सम्बन्धी थप कामहरु
16. नगरपालिकाले गरेका कार्यक्रम र सोको प्रतिवेदन
17. तोकिएबमोजिमका अन्य विवरण ।


सूचना अधिकारी

## नगरपालिकाको स्वरुप र प्रकृति

बागमति प्रदेश काभ्रेपलाञ्चोक जिल्लामा अबस्थित पाँचखाल नगरपालिका जिल्लाको [illegible] पाँचवटा गाविसहरु समेटी नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७१ बैशाख २५ गतेको मन्त्रीस्तरीय निर्णयबाट पारित भै स्थापना भएको हो । यस नगरपालिकामा समेटिएका साविकका पाँच गाविसहरु क्रमश: पाँचखाल, होक्सेबजार, देवभुमि, वालुवा, अनैकोट र साठीघर भगवती हुन् । साथै मिति २०७३।११।२७ को नेपाल सरकारको निर्णय अनुसार थप साबिकका दुई खरेलथोक र कोशीदेखा गाविस गरि सात ओटा साविकका गाविसहरु मिलि संघियता पश्चातको पाँचखाल नगरपालिका बनेको हो । यस नगरपालिकाको कुल क्षेत्रफल १०३ वर्ग किमि रहेको छ भने कुल जनसंख्या ३७७९७ रहेको छ । हाल १३ वटा वडामा विभाजन गरिएको यस नगरपालिका काभ्रेपलाञ्चोक जिल्लाको क्षेत्रफलको आधारमा दोश्रो ठुलो नगरपालिकाको रुपमा रहेको छ ।

यो नगरपालिकाको पूर्वमा भुम्लु गाँउपालिका, पश्चिममा धुलिखेल र बनेपा नगरपालिका, उत्तरमा मण्डनदेउपुर नगरपालिका र भुम्लु गाँउपालिका र दक्षिणमा तेमाल गाँउपालिका, नमोबुद्ध र धुलिखेल नगरपालिका रहेका छन् । पाँचखाल नगरपालिकामा कृषिको प्रचुर सम्भावना रहेको छ । पर्यटकीय क्षेत्रको रुपमा रहेको पलाञ्चोक भगवतीको मन्दिर, अनैकोट भ्यु टावर, दुग्धेश्वर मन्दिर, सुनकोशी नदि किनार आदि परिचित रहेको हुदाँ यहाँ स्थानीय पर्यटन उद्योगको समेत उत्तिकै सम्भावना रहेको देखिन्छ ।

### चिनारी तथा नामाकरण

पाँचखाल नगरपालिका काभ्रेपलाञ्चोक जिल्ला अन्त्तगतको एक नगरपालिका हो । यो नगरपालिका जिल्लाको मध्य भागमा अवस्थित छ । काठमाडौंबाट ४५ कि.मि. तथा धुलिखेल बाट १५ किलोमिटर टाढाको दुरीमा अवस्थित पाँचखाल काभ्रे जिल्लाको सबैभन्दा ठूलो समथर बेशी भाग ओगटेको क्षेत्र पनि हो । अरनिको राजमार्गले बिचबाट काटेर गएको यो बेशी समुन्द्र सतहबाट ९३७ मिटर अथवा ९२०७३ फिटको उचाइमा अवस्थित छ । यस नगरपालिकामा पाँचखाल उपत्यकाको उर्वर भूमिको साथै तत्कालिन अनैकोट, होक्सेबजार, साठीघर भगवती गाविसहरुका भिरालो जमिनहरु रहेका छन् । यहाँ कृषि उत्पादन र पशुपालनका साथै आन्तरीक पर्यटन उद्योगको समेत प्रचुर सम्भावना रहेको छ ।

### धरातलीय अवस्था

पाँचखाल नगरपालिका बेंसीको वरिपरि पलाञ्चोक, अनैकोट, रविओपि, जैशिथोक, पाल्लेखेतका डाँडाहरुले घेरिएको छ । यहाँको तापक्रम सरदर ३२ डिग्री देखि ३३ डिग्री रहने गरेको छ । झिंगु खोलाहरु द्धारा सिंचित यो बेंसी मलिलो भएतापनि पहिला यस ठाँउमा औंलो लाग्ने भएकाले यहाँ बस्ती थिएन । पहिला दनुवार जातिहरुको मात्र बसोबास भएतापनि राजमार्गको विकासले गर्दा अन्य जातिहरुको आकर्षण बढ्दै गएको छ । यस नगरपालिकामा चैत महिना देखि असोजको प्रारम्भ सम्म गर्मी असोज देखि फागुन सम्म जाडो हुने भएकोले यहाँको हावापानी मौसम अनुसार विविध किसिमको रहेको छ । भौगोलिक विषमातायुक्त नगरपालिका भएकोले यहाँको उचाई र अबस्थिति फरक फरक पाइन्छ । ग्रीष्म र वर्षा ऋतुमा मनसुनी बर्षा हुने गर्दछ । मनसुनी वायुको प्रभाबले करिब २००० मिलीलिटर सरदर वर्षा भएको पाइन्छ । यस नगरपालिकामा दक्षिणपूर्वी मनसुन प्रभावित क्षेत्रमा पर्ने हुनाले असारदेखि भाद्रसम्ममा प्रशस्त पानी पर्दछ । जिल्लाका मुख्य दुई जलाधारक्षेत्रहरू वाग्मती र रोशी क्षेत्र हुँदै न्युनचापीय वायु जाने हुनाले यस क्षेत्रमा बढी वर्षा हुनेगर्दछ । यी दुवै जलाधारक्षेत्रहरू महाभारत क्षेत्रको वृष्टिछाँयामा पर्नेगर्दछ ।

सूचना अधिकारी

1. नगरपालिकाको काम,कर्तव्य र अधिकार

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

- नगर प्रहरी सम्बन्धी
- सहकारी संस्था
- एफ.एम. सञ्चालन
- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्यांक र अभिलेख सङ्कलन
- स्थानीयस्तरका विकास आयोजना तथा परियोजना
- आधारभूत र माध्यामिक शिक्षा
- आधारभुर स्वास्थ्य र सरसफाई
- स्थनीय बजार व्यवस्थापन वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक ग्रामीण सडक कृषि सडक र सिंचाई
- नगरसभा मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन
- जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण
- कृषि तथा पशुपालन कृषि उत्पादन व्यवस्थापन पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- बेरोजगारको तथ्याङ्क संकलन
- कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण
- खानेपानी साना जलविद्युत आयोजना वैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधार बन्यजन्त् खानी तथा खनिज पदार्थको संरक्षण
- भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास

2. नगरपालिकाको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण

(क)संगठन संरचना (नगरपालिका तथा वडा कार्यालय तर्फ)

| क्र.सं. | सेवा | समुह | तह | पद | स्वीकृत कुल दरबन्दी |
|---|---|---|---|---|---|
| १ | प्रशासन | सा.प्र. | १० | प्रमुख प्रशासकीय अधिकृत | १ |
| २ | शिक्षा | शि.प्र. | ९/१० | उप सचिव | १ |
| ३ | इन्जि. | सिभिल | ९/१० | सि.डि.ई. | १ |
| ४ | प्रशासन | सा.प्र. | ७/८ | प्रशासकीय अधिकत | १ |

सूचना अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | प्रशासन | लेखा | ७/८ | लेखा अधिकृत | १ |
| ६ | शिक्षा | शि.प्र. | ७/८ | अधिकृत | १ |
| ७ | स्वास्थ्य | ज.स्वा. | ७/८ | जन स्वास्थ्य अधिकृत | १ |
| ८ | इन्जि. | सिभिल | ६ | इन्जिनियर | १ |
| ९ | प्रशासन | सा.प्र. | ६ | अधिकृत छैटौं | २ |
| १० | प्रशासन | लेखा | ५ | आ.ले.प. सहायक | १ |
| ११ | स्वास्थ्य | क.न. | ५/६ | प.हे.न. | १ |
| १२ | स्वास्थ्य | हे.ई. | ५/६ | हेल्थ असिस्टेन्ट | १ |
| १३ | प्रशासन | सा.प्र. | ५ | सहायक | ११ |
| १४ | प्रशासन | लेखा | ५ | लेखापाल | १ |
| १५ | विविध | | ४ | स.कम्प्युटर अपरेटर | १ |
| १६ | शिक्षा | शि.प्र. | ५ | प्रा.स. | १ |
| १७ | इन्जि. | सिभिल | ५ | सव-इन्जिनियर | ८ |
| १८ | विविध | | ५ | महिला विकास निरिक्षक | १ |
| १९ | इन्जि. | सर्भे | ४ | अमिन | १ |
| २० | प्रशासन | सा.प्र. | ४ | सहायक | ९ |
| २१ | प्रशासन | लेखा | ४ | स.ले.पा. | १ |
| २२ | विविध | | ४ | सहायक महिला विकास निरिक्षक | १ |
| २३ | इन्जि. | सिभिल | ४ | अ.सव.ई. | ७ |
| २४ | विविध | | ३ | मुखिया | ० |
| जम्मा | | | | | ५५ |

स्वास्थ्य संस्था तर्फ-४८ जना

आयूर्वेद तर्फ-४ जना

कृषि तर्फ-४ जना

पशु तर्फ-५ जना

सूचना अधिकारी

(ख)<u>कर्मचारी संख्या दरबन्दी सहित</u>

# जनशक्ती व्यवस्थापन (दरबन्दी र पदपूर्ती विवरण)

| क्र.सं | दरबन्दीको क्षेत्र | कुल दरबन्दी | स्थायी पदपूर्ती | करार/ज्या.दा. पदपूर्ती | रिक्त |
|---|---|---|---|---|---|
| 1 | नगरपालिका (स्वास्थ्य/कृषि/पशु बाहेक ) तर्फ | 26 | 18 | 2 | 6 |
| 2 | वडा कार्यालय | 26 | 10 | 11 | 5 |
| 3 | स्वास्थ्य तर्फ(शहरी स्वास्थ्य केन्द्रबाहेक ) | 51 | 33 | 36 | 18 |
| 4 | आयूर्वेद तर्फ | 4 | 2 | 2 | 0 |
| 5 | कृषि तर्फ | 4 | 2 | 1 | 1 |
| 6 | पशुपन्क्षी तर्फ | 5 | 1 | 2 | 2 |
| | जम्मा | 116 | 66 | 55 | 14 |

**3. नगरपालिकाबाट प्रदान गरिने सेवा**

नगरपालिकाबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नेपालको संविधानमा उल्लेख भएबमोजिमका सेवाहरु छिटो छरितो रुपमा प्रदान गरिन्छ ।साथै नगरपालिकाबाट प्रदान गरिने मुख्य मुख्य सेवाहरु देहाय बमोजिम छ ।

1. प्रशासन सम्बन्धी सम्पुर्ण सेवा
2. योजना सम्बन्धी
3. राजस्व सम्बन्धी
4. ठेक्का पट्टा सम्बन्धी
5. सिफारिस सम्बन्धी
6. महिला बालबालिका जेष्ठ नागरिक अपाङगता सम्बन्धी सेवा
7. पञ्जिकरण र सामाजिक सुरक्षा सम्बन्धी सेवा
8. विपद् व्यवस्थापन सम्बन्धी सेवा
9. नक्सा पास सम्बन्धी सेवा
10. सूचना प्राप्तह सम्बन्धी सेवा ।
11. कानूनले तोकेका अन्य कार्य ।

**4. नगरपालिकाको शाखा र जिम्मेवारी अधिकारी:**

| क्र.सं. | शाखा | जिम्मेवारअधिकारीको नाम | जिम्मेवार अधिकारीको पद |
|---|---|---|---|

सूचना अधिकारी

| | | | |
|---|---|---|---|
| १ | प्रशासन शाखा | सुविता ढुंगाना | अधिकृत छैठौं |
| २ | योजना शाखा | कल्याण प्रसाद सुवेदी | शाखा अधिकृत |
| ३ | प्राविधिक शाखा | सुजन अधिकारी | इन्जिनियर सातौं |
| ४ | शिक्षा शाखा | उदय प्रसाद कोईराला | अधिकृत आठौं |
| ५ | स्वास्थ्य शाखा | कोपिल कार्की | जनस्वास्थ्य अधिकृत |
| ६ | कृषि तथा सहकारी शाखा | हेमन्त पौडेल | कृषि अधिकृत |
| ७ | पशुपन्क्षी विकास शाखा | सुधाकर गुप्ता | पशु विकास अधिकृत |
| ८ | न्यायिक समिति सचिवालय | उषा रेग्मी | न्यायिक सहकर्ता |
| ९ | वातावरण शाखा | गणेश प्रसाद खरेल | अधिकृत छैठौं |
| १० | सामाजिक सुरक्षा शाखा | कल्याण प्रसाद सुवेदी | शाखा अधिकृत |
| ११ | आर्थिक प्रशासन शाखा | हेम प्रसाद मिश्र | अधिकृत सातौं |
| १२ | सुचना प्रविधि शाखा | मिलन मिश्र | सूचना प्रविधि अधिकृत |
| १३ | महिला बालबालिका शाखा | तारादेवी राउत | स.म.वि.अ. |
| १४ | रोजगार सेवा केन्द्र | निर्मला महर्जन | रोजगार संयोजक |
| १५ | राजश्व शाखा | पुष्पमाया दनुवार | सहायक राजस्व अधिकृत |
| १६ | लघु उद्यम विकास शाखा | कल्याण प्रसाद सुवेदी | शाखा अधिकृत |
| १७ | नगर प्रमुख सचिवालय | पवन गौतम | सहायक पाँचौ |
| १८ | जिन्सी शाखा | सन्तोष पौड्याल | शाखा अधिकृत |
| १९ | आयूर्वेद शाखा | मुना आचार्य | अधिकृत सातौं |

5. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

६(१) सेबा प्राप्त गर्न लाग्ने दस्तुर

सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिम र अन्य विषेश कानूनले तोके बमोजिमको दस्तुर लाग्ने छ ।

६(२) सेवा प्राप्त गर्न लाग्ने अवधि

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र अन्य विशेष कानूनले अवधि तोकेमा सोही बमोजिमको अवधि

6. निर्णय गर्ने प्रकृया र अधिकार

प्राप्त उजुरी सम्बन्धीत अधिकारीले हेरी सम्बन्धित शाखामा आवश्यक कारवाहीको लागि पठाइने र शाखा प्रमुखले कारवाहीको प्रकृया अगाडी बढाइने

सूचना अधिकारी

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

# विषयगत प्रगती विवरण

## शिक्षा युवा तथा खेलकुद शाखा

१. शिक्षकहरुको कार्यसम्पादन मुल्याङ्कन गर्ने कार्य सम्पन्न गरी सम्बन्धित निकायमा पेश गरिएको।

२. नगरपालिका भित्रका शिक्षकहरुको श्रावण- मंसिर सम्मको तलब भत्ता निकासा गरिएको छ ।

३. अन्तर विद्यालय माध्यमिक तह हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको।

४. कक्षा १० मा अध्ययनरत SEE परिक्षार्थीहरुको लागि रेमिडियल कक्षा सञ्चालन गरिएको।

५.विद्यालय माध्यमिक तह स्तरीय शैक्षिक सामग्री निर्माण तथा प्रदर्शनी कार्यक्रम सम्पन्न गरिएको।

## योजना शाखा

१. ४३ वटा योजनाहरु सम्झौता भई सकेको र १९ वटा योजनाहरुको कार्य सम्पन्न भई भुक्तानी भईसकेको,

२. वडा स्तरीय २१ वटा योजना सम्झौता भएको ७ वटा योजनाको भुक्तानी गरिएको,

३. नगरस्तरीय १ वटा योजना सम्झौता भएको,

४. नगरस्तरीय आकस्मिक योजना २१ वटा सम्झौता भई १२ वटा योजनाको भुक्तानी भएको ।

## कृषि तथा सहकारी शाखा

१. पढ्दै कमाउदै विद्यालय कृषि कार्यक्रम अन्तर्गत आवेदनहरु संकलन कार्य भईरहेको।
२. विभिन्न वडा र नगरपालिकाको प्रयोजनार्थ ५०% अनुदानमा कृषि यान्त्रीकरण खरिद प्रकृयामा रहेको।
३. बाली उपचार सिविर (२ पटक), माटो उपचार सिविर (१ पटक) सञ्चालन गरिएको।
४. बाली संरक्षणको लागि विषादी प्रयोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।
५. व्यवसायिक तरकारी खेती तथा तरकारी बीउ उत्पादन सम्बन्धी तालिम सञ्चालन गरिएको।

## महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा

१. अपाङ्गता कार्ड वितरण २०८१ साउन देखी हाल सम्म गरी जम्मा ७ जना लाई कार्ड वितरण गरिएको । जसअन्तर्गत क वर्ग ३ जना, ख वर्ग १ जना, ग वर्ग २ र घ वर्ग १ जना रहेका छन् ।

२. अनाथ बालबालिका संरक्षण कार्यक्रमका लागि सूचना प्रकाशन गरी आवश्यक कागजात संकलन गरिएको ।

३. अपाङ्गता दिवस कार्यक्रम सञ्चालन गरिएको।

४. समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (सि.वि.आर) अन्तर्गत कार्यक्रम सञ्चालन गर्न काभ्रे बहिरा विकास संघ संस्थालाई छनौट गरिएको ।

सूचना अधिकारी

५. लैङ्गिक हिंसा सम्बन्धी १६ दिने अभियान कार्यक्रम अन्तर्गत बैठक, र्‍याली तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको ।

६. वडा बाल क्लब तथा नगर बाल सञ्जाल पुनर गठन र बालबालिकालाई अभिमुखिकरण गरिएको।

## पशुपन्क्षी विकास शाखा

१. बंगुर पालन असल अभ्यास कार्यक्रम सञ्चालनको लागि आवेदन संकलन कार्य भईरहेको।

२. पशुपालन प्रवर्धन कार्यक्रम (गाई, बाख्रा, कुखुरा, भैसी) सञ्चालनको लागि सूचना प्रकाशन गरी आवेदन संकलन कार्य भईरहेको।

## उद्यम विकास शाखा

१. उद्यम बिकासका लागि सामाजिक परिचाल अन्तर्गत श्रोत सम्भाव्यता अध्ययन गरिएको।

२. सहभागीतामुलक अभिमुखीकरण कार्यक्रम २ वटा सञ्चालन गरिएको।

३. समूह गठन तथा बचत परिचालनमा सहजीकरण गरिएको।

४. घरधुरी सर्बेक्षण ३० घरपरिवारमा गरिएको।

## न्यायिक समिति

१. दैनिक प्रशासनिक तथा नियमित कार्यहरु

- चालु आ.व. ०८१/०८२ श्रावण देखि हालसम्म उजुरी संख्या २१, मिलापत्र ८, तामेली २, चलिरहेको ६, मिलापत्र हुन नसकेको १ र दर्ता मात्र भएको ४ निवेदन उपर कार्वाही तथा छानविन भएको।
- आ.व. २०८०/८१ अवधिमा दर्ता भई फछ्यौंट हुन बाँकी र यस आ.व. २०८१/८२ मा न्यायिक समिति समक्ष पेश भएका उजुरीका सम्बन्धमा नियमानुसार कारवाही गर्ने प्रकृया व्यवस्थित गरिएको छ ।
- नगरपालिकाको विभिन्न समितिहरुको बैठकमा कानुनी परामर्श सहित सहजीकरण गरिएको छ ।

२. न्यायिक समितिमा विशेष गरी जग्गा रोक्का र फुकुवा सम्बन्धी निवेदनहरु दर्ता हुने गरेको र यस्तो नेवेदनको हकमा विवादको अवस्थालाई मध्यनजर गर्दै आवश्यक प्रकृया पुरा गरी जिल्ला मालपोत कार्यालय धुलिखेललाई जग्गा रोक्का/फुकुवाको पत्र पठाउने गरिएको छ ।

## सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा तथा सेवा इकाई

- सामाजिक सुरक्षा तर्फ चालु आर्थिक वर्ष ०८१/८२ को दोस्रो चौमासिकसम्मको सामाजिक सुरक्षा भत्ता निकाशा गरिएको।
- आ.व. ०८१/८२ को हालसम्म ६७८ वटा व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विविह, सम्बन्ध विच्छेद र बसाईसराई ) भएको।
- आ.व. ०८१/८२ को हालसम्ममा जम्मा १६४ जनाको नयाँ निवेदन दर्ता गरिएको।

सूचना अधिकारी

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

➢ बायोमेट्रिक स्क्यानर डिभाईसको खरिद प्रकृया सुरु गरिएको।

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

राजश्व शाखा

नगरपालिका र विभिन्न वडा कार्यालयहरुबाट हालसम्मको कूल राजश्व रु. १,६५,०३,६७५.१५/- (अक्षरुपी एक करोड पैसठ्ठी लाख तीन हजार छ सय पचहत्तर रुपैया, एक पाँच पैसा ) संकलन गरिएको।

पूर्वाधार विकास शाखा

१. गत वर्षवाट दायित्व सरेका योजनाहरुको कार्य सम्पन्न भई भुक्तानी कार्य सम्पन्न गरिएको छ।
२. आ.व. २०८१/८२ को लागी संघिय तथा समपुरक, प्रदेश सशर्त र नगरस्तरीय योजना गरी १० वटा योजनाहरुको ठेक्का गरी निर्माण कार्य प्रारम्भ गरिएको।
३. विपद् व्यवस्थापन अन्तर्गत १२ वटा वडा कार्यालय अन्तर्गतका विभिन्न सडक खण्डहरु तत्काल सरसफाई गरी सडक सुचारु गरिएको।
४. विपदबाट क्षति पुग्न गएका विभिन्न योजनाहरुमा आवश्यक्ता अनुसार तार जाली, खानेपानी पाईप र फिटिंङ लगायतका सामाग्रीहरु उपलब्ध गराइएको।
५. विपदबाट क्षति भएका घर, गोठ लगायत अन्य भौतिक संरचनाको विवरण संकलन गरिएको।

प्रधानमन्त्री रोजगार शाखा

➢ आयोजनाहरुको लागत अनुमान तयार गरेर काम सुरु गर्न कार्यपालिका बैठकबाट निर्णय गराई वडा नं १० मा आयोजना सञ्चालन भइरहेको।
➢ ८ जना व्यक्तिहरुलाई वैदेशिक रोजगारीमा जानको लागि श्रम स्वीकृती प्रदान गरिएको।
➢ युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना अन्तर्गत १ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिएको।

स्वास्थ्य शाखा :

१. वार्षिक/चौमासिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको।

२. स्तनपान सप्ताह कार्यक्रम सम्पन्न गरिएको।

४. राष्ट्रिय भिटामिन ए कार्यक्रम समपन्न गरिएको।

५. नियमित मासिक बैठक ६ वटा सम्पन्न गरिएको

६. क्षयरोग वार्षिक गोष्ठी संचालन गरिएको

७. सम्पूर्ण स्वास्थ्य संस्था हरुबाट नियमित रुपमा आई.यु.सी.डी. र ईम्प्लान्ट सेवा प्रदान गरिदै आएको।

८. मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला सम्बन्धि ३ वटा बर्थिङ सेन्टरहरु (साठ्ठीघर, बालुवा र प्राथमिक स्वास्थ्य केन्द्र पाँचखाल) मा निरन्तर रुपमा गरिदै आएको, हाल सम्मको सुत्केरीको संख्या – ३७ जना

सूचना अधिकारी

९. दिर्घ रोगीहरुको औषधी उपचार बापत त्रैमासिक खर्च वितरण गरिएको।

१०. स्वास्थ बिमाको त्रैमासिक कार्यक्रम सम्पन्न गरिएको।

११. मानसिक स्वास्थ्यको औषधी निःशुल्क वितरण गरिएको।

१२.महिला स्वास्थ्य स्वयंसेविका दिवस कार्यक्रम सम्पन्न गरिएको।।

१३.घरभेट मार्फत व्यक्तिगत नयाँ र पुरानो गरी २४३ जनालाई व्यक्तिगत मनोपरामर्श सेवा प्रदान गरिएको।

१४.लागु औषध सेवन गर्ने ३ जना व्यक्तिहरुलाई मनोपरामर्श सेवा तथा मनोरोग विशेषज्ञ भेट गराइ लत छुटाउन सहयोग गरिएको।

१५.चिन्ता रोगका १६७ जना व्यक्तिहरुलाई मनोपरामर्श सेवा प्रदान गरिएको।

वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा

१.बाढी पहिरोले पूर्ण क्षति भएका घरधनीसँग अस्थाई आवास सम्बन्धी सम्झौताको कार्य भएको।

२.पूर्ण क्षति भएका र आंशिक क्षति भएका घरहरुलाई विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी राहत वितरण गर्ने कार्य गरिएको।

३.सामुदायिक वनहरुलाई प्यानमा दर्ता गर्नको लागि पत्र पठाई अनुरोध गरिएको।

आर्थिक प्रशासन शाखा

१. कूल बार्षिक बजेट सामाजिक सुरक्षा बाहेक रु. ९५,९१,७५,०००/- (अक्षरुपी पन्चानब्बे करोड एकानब्बे लाख पचहत्तर हजार) मध्ये रु. १७,०९,५६,४८७/- (अक्षरुपी सत्र करोड नौ लाख छपन्न हजार चार सय सतासी) खर्च भएको देखिन्छ।

२. चालू तर्फ कुल विनियोजित रकम रु. ५४,२२,३२,०००/-(अक्षरुपी चउन्न करोड बाईस लाख बत्तीस हजार ) मध्ये रु. १४,४५,५७,१०४/- (अक्षरुपी चौध करोड पैतालिस लाख सन्ताउन्न हजार एक सय चार) खर्च भएको देखिन्छ ।

३. पुँजीगत तर्फ कुल विनियोजित रकम रु. ४१,६७,४३,०००/- (अक्षरुपी एकचालिस करोड सट्सठ्ठी लाख त्रिचालिस हजार) मध्ये हालसम्म रु. २,६३,९९,३८३/- (अक्षरुपी दुई करोड त्रिसठ्ठी लाख उनान्सय हजार तीन सय त्रियासी) खर्च भएको देखिन्छ ।

**7. सूचना अधिकारी प्रवक्ता र प्रमुखको नाम पद**

| क्र.सं. | प्रमुख | | प्रवक्ता | | सूचना अधिकारी | |
|---|---|---|---|---|---|---|
| | नाम | सम्पर्क नं. | नाम | सम्पर्क नं. | नाम | सम्पर्क नं. |
| १ | महेश खरेल | ९८४३०४१७८८ | संजय तामाङ | ९८५१०७३२७८ | सुविता ढुंगाना | ९७६२८८८८५८ |

सूचना अधिकारी

## 8. ऐन नियम विनियम वा निर्देशिकाको सूची

- पाँचखाल नगरपालिकाको कृषि विकास सञ्चालन तथा व्यवस्थापन कार्यविधि ,२०८१
- फलफूल प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१
- कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०८१
- साना सिंचाई प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१
- पाँचखाल नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यसञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१

## 9. आम्दानी खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

आम्दानी: ५६,३१,०६,७८५.९८

खर्च: २२,९२,६४,२६५.०३

## 10. आ.ब. ०८१/८२ को बजेट तथा कार्यक्रम

| बजेटको खर्च अनुमान | |
|---|---|
| प्रशासनिक/चालु | १५,००,००,०००/- |
| आ.व. २०८०/८१ को दायित्व, टेन्डर मात्र | १,८५,८०,०००/- |
| आ.व. २०८०/८१ को दायित्व, उपभोक्ता समिति र अन्य | ००/- |
| विपद् व्यवस्थापन कोष | ५०,००,०००/- |
| नगरस्तरीय आकस्मिक योजना | १,००,००,०००/- |
| संघीय समपुरक योजना | १,०५,००,०००/- |
| प्रदेश समपुरक योजना | ३,००,००,०००/- |
| अन्य समपुरक म्याचिङ | १,००,००,०००/- |
| आकस्मिक मर्मत सम्भार कोष | ५०,००,०००/- |
| नगरस्तरीय योजना तथा कार्यक्रम | २०,३३,००,०००/- |
| वडास्तरीय योजना तथा कार्यक्रम | ५,२०,००,०००/- |
| विषयगत/क्षेत्रगत/शाखागत कार्यक्रम | ७,५२,००,०००/- |
| **जम्मा खर्च** | ५६,९५,९८,०००/- |
| **जम्मा पुँजीगत /कार्यक्रम खर्च** | ४२,३५,९८,०००/- |
| **प्रशासनिक/चालु** | १५,००,००,०००/- |
| **शशर्त योजना/कार्यक्रम/समपुरक/विशेष** | ३८,५५,७७,०००/- |
| **कूल जम्मा** | ९५,९१,७५,०००/- |

## 11. नगरपालिकाको वेभसाईट

पाँचखाल नगरपालिकाको वेभसाईट: panchkhalmun.gov.np/ email: panchkhal.municipality@gmail.com

## 12. नगरपालिकामा परेका सूचना माग सम्बन्धी निवेदन

आ.ब. ०८१/८२ को माघ मसान्त सम्म प्राप्त सूचना माग सम्बन्धी लिखित निवेदन एक वटा पनि प्राप्त नभएको तर इमेल मार्फत प्राप्त भएका निवेदनहरु भई पछ्यौट भएको र अन्य फोन मार्फत मागिएका सूचनाहरुको रेकर्ड नराखिएको तर अन्य फोन मार्फत माग भएका सूचना तत्कालै उपलब्ध गराइएको ।

सूचना अधिकारी

13. नगरपालिकाले गरेको सूचना सम्बन्धी थप कामहरु

- नगरपालिकाले आफ्नो वेवसाइट मार्फत सूचनाहरु प्रकाशित गर्ने गरेको ।
- नगरपालिकाको फेसबुक तथा ट्युटर मार्फत सूचनाहरु अपडेट गराइरहेको ।
- नगरपालिका र वडा कार्यालयमा सूचना प्रवाहको लागि सम्पुर्ण वडाको इमेल मार्फत गर्ने गरेको ।
- नगरपालिकाले मोबाइल एप्स संचालनमा ल्याएको ।
- ग्रूप म्यासेज संचालना ल्याएको ।
- नगरपालिका तथा वडा कार्यालयहरुमा नागरिक वडापत्र राखीएको ।
- नगरपालिकामा डिजिटल सुचना वोर्ड राखीएको।
- नगरपालिका तथा वडा कार्यालयमा सूचना अधिकारी तोकिएको ।

14. नगरपालिकाले गरेका कार्यक्रम र सोको प्रतिवेदन

नियमित प्रकाशन गर्ने गरेको छ ।

15. नगरपालिकाले वर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण ।

वर्गीकरण नभएको ।

नोटः प्रस्तुत विवरण पाँचखाल नगरपालिकाको वेवसाइट www.panchkhalmun.gov.np मा समेत हेर्न सकिन्छ

16. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

नगरवासीसंग सम्बन्धित सूचना पत्र-पत्रिका, रेडियो, Webdite, Faceboo page, Twitter, सूचना पाटीमा टाँस गरि सूचना प्रदान गर्ने गरिएको।

सूचना अधिकारी